## श्री सर्वोच्च अदालतमा दायर गरेको

## निवेदनपत्र

**विषयः अदालतको अवहेलनामा कारवाही गरी पाऊँ ।**

गुल्मी जिल्ला इस्मा गा.पा. वडा नं. ६, अमरपुर बस्ने अधिवक्ता ओमप्रकाश अर्याल (फोन न.. ९८४१२९३८६७) ......................................................................१ **निवेदक**

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं....१

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, काठमाडौं ........१ **विपक्षी**

**मुद्दाः अदालतको अवहेलना ।**

**म निवेदक सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ५९ बमोजिम निम्न निवेदन गर्दछु-**

१. मैले दायर गरेको रिट नं. ०७८-WC-०००४ मा सम्मानीत सर्वोच्च अदालत, संवैधानिक इजलासबाट मिति २०८०।१०।२४ मा भएको फैसलाको प्रकरण नं. ३० को खण्ड (ख) तथा खण्ड (ग) मा देहायको परमादेश जारी भएको थियो-

१.१. हदबन्दी छुट प्रदान गर्दाको अवस्थामा उल्लेख गरिए बमोजिमको (शर्त बमोजिमको) प्रयोजनमा जग्गाको प्रयोग वा उपयोग नगरी फरक (अन्य) प्रयोजनमा उपयोग गरिएको वा जग्गा खाली (बाँझो) राखिएको अवस्थाका जग्गाको पहिचान गरी तत्काल र अनिवार्य रुपमा सो हदबन्दी भन्दा वढी देखिएको जग्गा भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम नेपाल सरकारको नाममा प्राप्त गर्नु, गराउनु ।

१.२. हदबन्दी भन्दा बढी देखिएको र चिया उद्योगको काममा उपयोगमा नरहेको प्रत्यर्थी गिरीबन्धु टि स्टेट प्रा.लि.का नाममा रहेका जग्गा भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम नेपाल सरकारका नाममा प्राप्त गर्नु, गराउनु ।

२. सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम २४ मा देहायको व्यवस्था रहेको छ-

२.१.संवैधानिक इजलासबाट भएका अन्तिम आदेश वा फैसलाको कार्यान्वयनका लागि त्यस्तो आदेश वा फैसला तयार भएको तीन दिनभित्र रजिष्ट्रारले सम्बन्धित निकायलाई लेखी पठाउनेछ ।

२.२. उपनियम (१) बमोजिम कार्यान्वयनका लागि लेखी आएको अन्तिम आदेश वा फैसला सम्बन्धित निकायले यथाशीघ्र कार्यान्वयन गरी सोको जानकारी अदालतलाई गराउनु पर्नेछ ।

३. रिट नं. ०७८-WC-०००४ मा भएको फैसला कार्यान्वयन गर्नको लागि सम्मानीत सर्वोच्च अदालतबाट मिति २०८१।३।५ मा महान्यायाधिवक्ताको कार्यालयमा र सो कार्यालयबाट मिति २०८१।३।९ मा प्रत्यर्थी नेपाल सकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय.....१ तथा प्रत्यर्थी भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय.....१ मा पत्राचार भएको थियो । सो अवधिमा, नेपाल सरकारको प्रधानमन्त्री पदमा श्री पुष्पकमल दाहाल प्रचण्ड तथा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री पदमा श्री बलराम अधिकारी हुनुहुन्थ्यो । मिति २०८१।३।३१ देखि नेपाल सरकारको प्रधानमन्त्री पदमा श्री के.पी. शर्मा ओली र भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री पदमा उही व्यक्ति श्री बलराम अधिकारी रहनु भएको छ ।

४. प्रत्यर्थी नेपाल सरकारका प्रधानमन्त्री श्री के.पी.शर्मा वली.....१ तथा प्रत्यर्थी भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका मन्त्री श्री बलराम अधिकारी.....१ ले सम्मानीत सर्वोच्च अदालत, संवैधानिक इजलासबाट रिट नं. ०७८-WC-०००४ मा भएको परमादेश कार्यान्वयनमा विगत कम्तिमा सात महिनादेखि अनवरत रुपमा अवरोध गर्दैआउनु भएको छ । यसैवीच, निज सम्माननीय प्रधानमन्त्रीज्यू तथा माननीय मन्त्रीज्यूको प्रत्यक्ष पहल तथा संलग्नतामा मिति २०८१।१०।२ मा सम्माननीय राष्ट्रपतिज्यू मार्फत कपटपूर्ण अध्यादेश (जस्तै दफा १२छ(३) को पछिल्लो बाक्य) जारी समेत गराई फैसलाको प्रकरण नं. ३० मा उल्लिखित परमादेशको अवज्ञा गरी, गर्न लगाई सोको कार्यान्वयन नगर्ने, गर्न नदिने तथा प्रत्यक्ष अवरोध सृजना गर्नेगरी सर्वथा अनुचित, गैरकानूनी तथा गैरसंवैधानिक कार्य भएको छ । नेपाल सरकारको नाममा प्राप्त गर्नु पर्ने अवस्थाका हदबन्दी छुटका जग्गा समेत विक्री गरी निजीरुपमा हक हस्तान्तरण गर्न पाउने व्यवस्था गर्दा फैसलाको अवज्ञा भएकोछ । उक्त कार्य प्रथम दृष्टिबाटै अदालतको अवहेलनायुक्त कसुरजन्य रहेको स्पष्ट देखिन्छ ।

५. फैसलाको प्रकरण नं. ३० को खण्ड (ख) मा- ***हदबन्दी छुट प्रदान गर्दाको अवस्थामा उल्लेख गरिए बमोजिमको (शर्त बमोजिमको) प्रयोजनमा जग्गाको प्रयोग वा उपयोग नगरी फरक (अन्य) प्रयोजनमा उपयोग गरिएको वा जग्गा खाली (बाँझो) राखिएको अवस्थाका जग्गाको पहिचान गरी तत्काल र अनिवार्य रुपमा सो हदबन्दी भन्दा वढी देखिएको जग्गा नेपाल सरकारको नाममा***

***<u>प्राप्त गर्नु, गराउनु</u>*** भन्ने परमादेश जारी भएको, र खण्ड (ग) मा- ***<u>हदबन्दी भन्दा बढी देखिएको र चिया उद्योगको काममा उपयोगमा नरहेको प्रत्यर्थी गिरीबन्धु टि स्टेट प्रा.लि.का नाममा रहेका जग्गा नेपाल सरकारका नाममा प्राप्त गर्नु, गराउनु</u>*** भन्ने परमादेश जारी भएको, सो परमादेश सहितको फैसलाको पूर्णपाठको जानकारी पाइसकेको अवस्थामा सोको कार्यान्वयन गरीगराई सम्मानीत सर्वोच्च अदालतलाई जानकारी गराउनु पर्नेमा त्यसको विपरित बद्नियतपूर्वक फैसलाको अवज्ञा गरेको, फैसला कार्यान्वयन हुन नदिएको, फैसला कार्यान्वयनमा अवरोध गरिरहेको, अर्थात् सम्मानित सर्वोच्च अदालतको फैसला बमोजिम नेपाल सरकारको नाममा फिर्ता ल्याउनु पर्ने भनिएका जग्गा फिर्ता गरी नल्याइएको तथा सर्वोच्च कार्यकारी अधिकारको दूरुपयोग गरी सर्वोच्च अदालतको फैसला बमोजिम फिर्ता ल्याउने प्रक्रियामा अवरोध गरिएको तथ्य विद्यमान छ । यस कार्यले न्यायपालिकाको औचित्य माथि समेत गम्भीर चुनौती दिएको प्रतित हुन्छ ।

६. न्याय प्रशासन ऐन, २०७३ को दफा १७ को उपदफा (१) ले सर्वोच्च अदालतले आफ्नो आदेश वा फैसलाको अवज्ञा गरेमा अदालतको अवहेलनामा कारवाही चलाउन सक्ने र उपदफा (४) ले अवहेलना गरेको ठहरेमा एक बर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय वा अन्य उपयुक्त आदेश गर्न सक्ने व्यवस्था गरेको छ । अदालतको अवहेलनाको कारवाही चलाउँदा, सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ५९ को उपनियम (२) ले अदालतको अवहेलना सम्बन्धी उजुरीको सम्बन्धमा सुनुवाइ गर्ने इजलासले विपक्षीको वयान गराउन वा अवधि तोकी विपक्षी स्वयं उपस्थित भई वा कानून बमोजिम वारिस मार्फत लिखित स्पष्टीकरण वा प्रतिउत्तर पेस गर्न लगाउन सक्ने व्यवस्था गरेको छ । उपनियम (४) ले अदालतको अवहेलना मुद्दाको अन्तिम टुंगो नलागेसम्मको लागि कुनै कार्य गर्न वा नगर्न आदेश दिन सक्ने व्यवस्था गरेको छ । अदालतको अवहेलना संस्थाले नभई व्यक्तिले गरेको कसुर भएको हुँदा यथाशक्य व्यक्ति यकिन गरी प्रत्यर्थी कायम गर्नुपर्ने वा सो बमोजिम दायर भएको निवेदन दर्ता गरिनु पर्नेमा सर्वोच्च अदालत प्रशासनको अभ्यासमा भने एकरुपता नभएको देखिन्छ । प्रधानमन्त्री तथा मन्त्री ज्यूलाई प्रत्यर्थी कायम गरी दर्ता गर्न पेश गरेको पूर्ववत् निवेदन सर्वोच्च अदालतका सहरजिष्ट्रार श्री अच्यूत कुइँकेलज्यूबाट दरपीठ भएको हुँदा आवश्यक संशोधन सहित प्रस्तुत निवेदन पेश गरेकोछु ।

७. प्रत्यर्थी नेपाल सरकारको प्रधानमन्त्री पदमा रहनु भएका श्री के.पी.शर्मा वली....१ तथा प्रत्यर्थी मन्त्रालयको मन्त्री पदमा रहनु भएका श्री बलराम अधिकारीबाट भएको कार्य सर्वथा अनुचित, गैरकानूनी तथा गैरसंवैधानिक मात्र नभई प्रथम दृष्टिबाटै अदालतको अवहेलनायुक्त कसुरजन्य रहेको छ । सम्माननीय प्रधानमन्त्री तथा माननीय मन्त्रीस्तरबाट सम्मानीत सर्वोच्च अदालत, संवैधानिक इजलासबाट जारी भएको परमादेशको अनवरतरुपमा अवज्ञा गरिनु, फैसला

कार्यान्वयनमा प्रत्यक्ष अवरोध गर्नु संवैधानिक नैतिकताको उल्लंघन पनि हो । अनुचित स्वार्थसिद्धीको लागि सर्वोच्च कार्यकारी पदमा आसिन व्यक्तिले संविधान, संवैधानिक लोकतन्त्र तथा स्वतन्त्र न्यायपालिकाको उपहास गरेको कार्य क्षम्य हुनसक्दैन । राज्यका प्रमुख पदाधिकारी स्वयं संवैधानिक प्रणाली दुर्घटना उन्मुख बनाउने कार्यमा संलग्न हुनु संविधान विरुद्धको कसुर हुन सक्छ । तसर्थ, यसको रोकथाम सम्मानीत सर्वोच्च अदालतबाटै गरिनु पर्ने अवस्था आएको छ ।

८. तसर्थ, संविधानको धारा १२८(४), न्याय प्रशासन ऐन, २०७३ को दफा १७(१),(४) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ५९ बमोजिम प्रत्यर्थी निकायहरुका नेतृत्वकर्ता क्रमशः सम्माननीय प्रधानमन्त्रीज्यू तथा माननीय मन्त्रीज्यू उपर अविलम्व सर्वोच्च अदालतको अवहेलनामा कारवाही गरी दण्डसजाय गर्ने, साथै फैसला कार्यान्वयनमा बदनियतपूर्वक प्रत्यक्ष अवरोध गरेको, संवैधानिक इजलासको फैसला अवज्ञा गरेको तथा राज्यको सर्वोच्च कार्यकारी अधिकारको कपटपूर्ण प्रयोग गरी संवैधानिक प्रणालीप्रति विश्वासघात गरेको आधारमा न्याय प्रशासन ऐन, २०७३ को दफा १७(४) मा उल्लिखित अन्य उपयुक्त आदेश गर्न सक्ने कानूनी व्यवस्थालाई दृष्टिगत गर्दै अदालतको अवहेलनामा संलग्न कसुरदार पदमुक्त हुनसक्ने गरी वा यससम्बन्धी दण्डहीनताको रोकथाम तथा अन्त्य हुनसक्ने गरी न्यायिक आदेश वा टिप्पणी गर्न तथा सो प्रयोजनको लागि तत्कालदेखि लागु हुनेगरी आवश्यक र उपयुक्त आदेश समेत जारी गर्न सादर निवेदन गर्दछु ।

९. **संलग्न प्रमाणः** १.रिट नं. ०७८-WC-०००४ मा भएको फैसला, २. फैसला कार्यान्वयनको लागि भएका पत्राचारहरु, ३. विभिन्न मितिका राजपत्रहरु, ४. दरपीठ गरिएको निवेदन तथा आदेश ।

१०. यसमा लेखिएको व्यहोरा ठिक साँचो छ, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**निवदक**

**अधिवक्ता ओमप्रकाश अर्याल**

इति सम्बत् २०८१ साल माघ महिना २८ गते रोज शुभम्